# मानमिन समाचार

अंक १९ मार्च २९, २०१५

# “कलमको शक्ति” ले आत्माहरूलाई नयाँ तुल्याइरहेको छ

## डा. जेरक लीका पुस्तकहरूद्वारा पवित्र आत्माका कार्यहरू विश्वव्यापी रूपमा अनुभव गरिँदैछ



पुस्तकहरूको प्रकाशन: अनगिन्ती उपवास र हार्दिक प्रार्थनाद्वारा डा. जेरक लीले परमेश्वरसँग गहिरो रूपमा सञ्चार गर्दै आइरहनुभएको छ, र पवित्र आत्माको प्रेरणाद्वारा उहाँले धेरै पुस्तकहरू लेख्नुभएको छ। सन् १९८७ मा प्रकाशित मृत्यु अघि अनन्त जीवनको स्वाद नामक उहाँको आत्मकथाको प्रकाशनबाट शुरू भई, क्रूसको सन्देश; विश्वासको नाप; स्वर्ग; नरक; आत्मा, प्राण र शरीर; र प्रभुका पाइलाहरू लगायतका ९० वटा भन्दा बढी पुस्तकहरू हालसम्म प्रकाशित भइसकेका छन्।






विश्वव्यापी वितरण सञ्जाल: उहाँका पुस्तकहरू करिज्मा मिडिया (अमेरिका), इभान्जेलिष्टा मिडिया (इटाली), र ग्रेस पब्लिसिङ्ग हाउस (ताइवान) लगायत संसारभरि उन्नाइस प्रतिष्ठित प्रकाशकहरूद्वारा प्रकाशित भएका छन्। ती पुस्तकहरू न्यू एण्ड बेस्ट (युक्रेन) र लाइब्रेरिया एन्ट्वेइन् (लेबनान) लगायतका धेरै पुस्तक पसलहरूद्वारा वितरित भएका छन्। इन्टरनेटको विशाल अनलाइन पुस्तक भण्डारहरू मध्येको एक, अमेजन डट कम नामक साइट मार्फत् पनि यी पुस्तकहरू संसारका सबै ठाउँहरूमा उपलब्ध छन्।




अन्तर्राष्ट्रिय पुस्तक मेलाहरूमा प्रदर्शनी: फ्रैंकफर्ट पुस्तक मेला (जर्मनी), बेइजिङ अन्तर्राष्ट्रिय पुस्तक मेला (चीन), पुस्तक मेला अमेरिका (संयुक्त राज्य अमेरिका), लन्डन पुस्तक मेला (बेलायत), बोलोग्ना बालबालिका पुस्तक मेला (इटाली), नयाँ दिल्ली विश्व पुस्तक मेला (भारत), र ग्वाडालाजारा अन्तर्राष्ट्रिय पुस्तक मेला (मेक्सिको) गरी विभिन्न अन्तर्राष्ट्रिय स्तरका प्रमुख पुस्तक मेलाहरूमा प्रदर्शित यी पुस्तकहरूले धेरै सकारात्मक समीक्षाहरू आर्जन गरिरहेका छन्।




ई-बुक्सहरूको प्रकाशन: डा. लीका पुस्तकहरू विद्युतीय संस्करणहरूमा पनि उपलब्ध छन्। ३२६ वटा ई-बुक्सहरू ४९ वटा भाषाहरूमा उपलब्ध छन्। ती पुस्तकहरू क्योबो बुक सेन्टर, रिडीबुक्स, अमेजन डट कम, आइ बुक स्टोर र गुगल प्ले बुक्स जस्ता थुप्रै अनलाइन पुस्तक भण्डारहरूमा पाउन सकिन्छ।




बहुभाषी पुस्तकहरू: डा. लीका पुस्तकहरू ५८ वटा भाषाहरूमा अनुवादित भई ३०६ वटा संस्करणहरूमा प्रकाशित भएका छन्। विकिपेडियाले निकालेको ‘अनुवादको संख्याका आधारमा साहित्यिक कृतिहरूको सूची’ मा उहाँको पुस्तक क्रूसको सन्देश र उहाँको आत्मकथा मेरो जीवन, मेरो विश्वास समावेश छन् जसमा क्रूसको सन्देश ५७ वटा भाषा-संस्करणहरू र मेरो जीवन, मेरो विश्वास ३५ वटा भाषा-संस्करणहरूमा अनुवादित छन्।



डा. लीका पुस्तकहरूमा जीवनको वचन र शक्तिशाली कार्यहरू समावेश छन्। संसार भरि अनगिन्ती मानिसहरूले उहाँको बहुभाषी पुस्तकहरू पढेर पवित्र आत्माको उदेकलाग्दा कार्यहरू अनुभव गर्नुभएको छ। उहाँहरूमा परमेश्वरप्रतिको प्रेम र विश्वास वृद्धि भएको छ। उहाँहरूले स्वर्गको चाहना प्राप्त गर्नु भएको छ, उहाँहरूको हृदय नयाँ भएको छ र उहाँहरूमध्ये धेरैले ईश्वरीय चंगाइका कार्यहरू अनुभव गर्नु भएको छ।



### “स्वर्गको आशा वृद्धि भएको छ”

भाइ शमूएल अरोज्को बार्सेको, कोलम्बिया

म बाइबलका रहस्यहरूको अर्थ खोलेर तिनको बारेमा अध्ययन गर्न चाहन्थेँ। यसैबीच मैले डा. जेरक लीका पुस्तकहरू स्वर्ग भाग १ र २ पढ्ने मौका पाएँ। ती पढेर मैले स्वर्गमा विभिन्न प्रकारका निवासस्थानहरू छन् भन्ने कुरा सिकेँ र मैले सजिलैसित बाइबलका थुप्रै ‘रहस्यमय कुराहरू’ बुभ्न सकेँ। यसले मेरो विश्वास र आशा अनि स्वर्ग प्रतिको आत्मिक चाहनालाई वृद्धि गरिदिएको छ।



### “मेरो विश्वासको जग निर्माण भएको छ”

भाइ योङहून किम, दक्षिण कोरिया

डा. जेरक लीका पुस्तकहरू पढ्दा, मैले आफ्ना असत्यताहरू तोडिएको र विश्वासको जग बसालिएको अनुभव गरेँ। विशेषगरी, क्रूसको सन्देश पुस्तक अद्भूत थियो। “इसाईत्व यस प्रकारको विश्वास हो भनेर किन मलाई कसैले पनि बताएन?” भनी अफसोसका साथ मैले सोचेँ। मैले परमेश्वरको कृपा र प्रभुको बलिदानी प्रेमलाई आफ्नो हृदयदेखि नै बुभ्न थालेँ।



### “मेरो कर्मचारी डिप्रेसनबाट निको हुनुभयो”

ग्रेस प्रकाशन हाउस, ताइवानको अध्यक्ष डिंग युआन पिंग


मेरा कर्मचारीहरूमध्ये एकजना डिप्रेसनको कारणले गर्दा निदाउन सक्नु हुन्नथ्यो। उहाँले निरन्तर औषधी लिन पर्थ्यो र आफ्नो काममा ध्यान दिन सकिरहनु भएको थिएन। उहाँ सधैँ असन्तुष्ट हुनुहुन्थ्यो र परमेश्वरलाई समेत दोष दिनुहुन्थ्यो। तर उहाँले डा. जेरक लीको परमेश्वरको शक्ति नामक पुस्तक सम्पादन गर्ने क्रममा, डिप्रेसनबाट छुटकारा पाउनुभयो। आफ्नो पीडा डा. लीले परमेश्वरलाई भेट्न अघि उहाँको रोगहरूका कारण भोग्नुभएको पीडासित अतुलनीय छ भन्ने कुरा उहाँले महसुस गर्नुभयो, अनि उहाँले आफ्नो मानसिकतालाई परिवर्तन गर्नुभयो। त्यसपछि, डिप्रेसन हराएर गयो! यो घटना हाम्रो निम्ति निकै विशेष थियो, र मैले ठूलो आनन्द महसुस गरें।



### “मैले आर्थिक आशिष् प्राप्त गरेँ”

बहिनी नाडाकोर्न थुम्मासात, थाइल्याण्ड

म एक इसाई भएता पनि म बिरामी हुँदा अस्पताल जान्थेँ र औषधीमा भर पर्थेँ। यसैबीच, मैले डा. जेरक लीको आत्मकथा मेरो जीवन मेरो विश्वास पढ्ने मौका पाएँ। आजकाल, म बिरामी हुँदा आफैलाई जाँचेर हेर्ने गर्छु, पश्चात्ताप गर्छु र डा. लीको प्रार्थना ग्रहण गर्छु। पुस्तकमा, डा. लीले सधैँ आराधना सेवाहरूमा भेटीहरू चढाउनुहुन्थ्यो। यसैबाट प्रेरित भएर, मैले पनि हरेक सेवामा आफ्नो हृदयदेखि नै भेटीहरू चढाउन थालेँ। त्यसबेलादेखि, मैले आर्थिक आशिष्हरू पाउन थालेको छु।



### “नरक पुस्तकले मेरो प्राणलाई ब्यूँभ्नायो”

भाइ सेल्वराज, भारत

डा. जेरक लीको पुस्तक नरक मा यस्ता कुराहरू प्रकट गरिएका छन् जुन मैले अन्य कुनै चर्चहरूमा कहिल्यै सुनेको छैन। यो महान् कृतिले आत्मिक निद्रामा परेको मेरो प्राणलाई ब्यूँभ्नाएको छ। आफ्नै आमाबाबुबाट वंशानुगत रूपमा जन्मजात सरेको पापमय स्वभावका कारण स-साना बालबालिकाहरू पनि नरक जान सक्छन् भन्ने कुरा जान्न पाउँदा म स्तब्ध भएँ। यस पृथ्वीमा हरेक मानिसले गरेको काम अनुसारको प्रतिफल दिनुहुने परमेश्वरको न्यायलाई पनि मैले बुभ्ने अवसर पाएँ। यस पुस्तकलाई मैले आफ्नो घरमा यस्तो ठाउँमा राखेको छु जहाँ पाहुनाहरूले पनि यो पढ्न सक्नुहुन्छ। एकपटक यो पढिसकेपछि, “कति अद्भूत पुस्तक!” भनी उहाँहरू छक्क पर्नुहुन्छ।

अंक १९ मार्च २९, २०१५ मानमिन समाचार

## क्रूसको सन्देश श्रृंखला – (१९)

# क्रूसमा येशूका अन्तिम सात वाणीहरू (३)



डा. जेरक ली

"तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, 'इलोई, इलोई, लामा सबखथनी ?' अर्थात्, 'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?'" (मत्ती २७ :४६)

"त्यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, 'मलाई तिर्खा लाग्यो ।' त्यहाँ सिर्काले भरिएको एउटा भाँडो राखिएको थियो । यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए । जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, 'अब सिद्धियो,' र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।"

मृत्युको क्षण नजिकिँदा, अधिकांश मानिसहरूले आफ्नो जीवनलाई फर्केर हेर्छन् र आफ्ना परिवार र साथीभाइहरूका निम्ति आफ्नो इच्छा पत्र छोडेर जान्छन्, जसलाई तिनीहरूले आफ्नो प्रियजनको अन्तिम इच्छाको रूपमा कदर गर्दछन् । यस संसारमा मानवजातिको उद्धारकको रूपमा आउनुभएको येशूले पनि क्रूसमा उहाँको प्राण त्यागनभन्दा अघि आफ्ना केही वाणीहरू छोडेर जानुभएको थियो, जसलाई "क्रूसका अन्तिम सात वाणीहरू" भनिन्छ ।

परमेश्वरको पुत्रको रूपमा मुक्तिको प्रबन्धलाई पूरा गर्नुहुने हाम्रो प्रभुको हृदयलाई हामीले स्पष्टसित बुझेपछि, हामी परमेश्वरको साँचो सन्तान हुन सक्छौं । मानमिन समाचारको पछिल्लो संस्करणलाई निरन्तरता दिँदै, आज हामी येशूले क्रूसमा आफ्नो अन्तिम इच्छा स्वरूप बोल्नु भएको चौथो, पाँचौं र छैठौं वाणीको बारेमा चर्चा गर्नेछौं ।

### चौथो वाणी: "इलोई, इलोई, लामा सबखथनी ?"

मत्ती २७:४६ मा उल्लेखित येशूको वाणी, "इलोई, इलोई, लामा सबखथनी ?" लाई अनुवाद गर्दा यसको अर्थ, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?" भन्ने हुँदछ । तथापि, आफ्नो पीडालाई जाहेर गर्न येशूले तिक्तताका साथ परमेश्वरसित गुनासो गर्नलाई यस्तो भन्नुभएको होइन ।

येशू यस संसारमा आउनुभन्दा धेरै अघि नै, क्रूसको कष्टबारे उहाँलाई थाहा थियो । यसबाहेक, उहाँले परमेश्वरको प्रबन्ध पूरा गर्न स्वेच्छापूर्वक क्रूसको बाटो छान्नु भएकोले, येशूले परमेश्वरको विरुद्धमा गनगन गर्नुपर्ने कुनै कारण थिएन । उहाँका यी शब्दहरूको ठूलो आत्मिक अर्थ छ ।

सर्वप्रथम, "येशू ठूलो स्वरले कराउनु" मा एउटा कारण छ । अघिल्लो रातभरि, येशूलाई लगातार सोधपुछ गरिँदै र निर्ममतापूर्वक कोर्रा लगाइँदै एक ठाउँबाट अर्को ठाउँमा लगिएको थियो । यसको अतिरिक्त, उहाँलाई क्रूसमा टाँगेर ६ घन्टासम्म झुण्ड्याइएको थियो (मर्कूस १५:२५) । उहाँसँग "ठूलो स्वरले कराउने" पर्याप्त बल नभए तापनि, परमेश्वरले उहाँलाई किन त्याग्नुभयो र उहाँ किन क्रूसमा टाँगिनु पऱ्यो भन्ने कुरा सबै मानिसहरूलाई स्मरण गराउन र बुझाउनका लागि येशूले यसो गर्नुभयो ।

श्रापित क्रूसमा उहाँको शरीर काँटीले ठोकिएर असहाय तवरले झुन्डिएको अवस्थामै, येशू परमेश्वरबाट पूरै त्यागिनुभएको थियो । उहाँले मानवजातिलाई उनीहरूको पापदेखि छुटकारा दिलाई स्वर्गमा डोऱ्याउन सक्नु भएको होस् भनेर यसो भएको थियो । व्यवस्थाको श्राप अनुसार सबै मानवजाति परमेश्वरबाट त्यागिने निश्चित भएको हुनाले, येशू हाम्रो साटोमा श्रापित हुनुभई परमेश्वरबाट त्यागिनुभयो । यो कुरा सबै मानिसहरूलाई स्मरण गराउन "येश ठूलो स्वरले कराउनुभयो ।"

बाइबलमा हामी यो पाउँदछौं कि, येशूले परमेश्वरलाई पुकार्नु हुँदा उहाँले सधैँ "पिता" भनेर सम्बोधन गर्नुहुन्थ्यो । यद्यपि, मत्ती २७:४६ मा येशूले उहाँलाई "मेरो परमेश्वर" भनी बोलाउनुभएको कारण यो हो कि, त्यतिबेला उहाँ एक श्रापित पापीको स्थानमा हुनुहुन्थ्यो र त्यसैले उहाँ क्रूसमा टाँगिनुभएको अवस्थामा येशूले पवित्र परमेश्वरलाई "पिता" भनेर बोलाउने साहस गर्नुभएन । त्यसै गरी, तपाईंले "प्रभुलाई विश्वास गर्छु" भनी भन्नुभए तापनि यदि तपाईं परमेश्वरको इच्छा अनुसार नजिईकन शत्रु दियाबलस र शैतानका प्रलोभनहरूमा परी जीवन जिउनुहुन्छ भने तपाईंले परमेश्वरलाई साहसका साथ "पिता" भनेर बोलाउन सक्नुहुन्न ।

अर्को कुरा, परमेश्वरले पापीहरूका लागि आफ्नो एकमात्र पुत्रलाई दिइसक्नुभएको भए तापनि अनगिन्ती मानिसहरू अझै पनि संसारसँग मित्रता गाँस्दै मृत्यु बाटोमा हिंडिरहेका कारण येशू "ठूलो स्वरले कराउनुभयो" । उहाँ क्रूसमा चढ्नुभएको कारण सबै आत्माहरूले थाहा पाऊन्, उहाँलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गरून् र जीवन प्राप्त गरून् भनी येशूले चाहनुभएकोले गर्दा, उहाँ, "इलोई, इलोई, लामा सबखथनी ?" भनी ठूलो स्वरले कराउनुभयो ।

हाम्रो पापको कारण येशू परमेश्वरबाट त्यागिनुभयो र क्रूसमा टाँगिनुभयो भन्ने कुरालाई यदि हामी हृदयदेखि नै विश्वास गर्दछौं भने, हामी मध्ये कोही पनि पापमा जिइरहनु हुँदैन तर पापबाट अलग भएर जीवन जिउनु पर्दछ र परमेश्वरलाई "पिता" भनी सम्बोधन गर्न सक्ने उहाँको सन्तान बन्नु पर्दछ । सत्यतालाई नचिनेर मृत्युतिर गइरहेका आत्माहरूलाई फर्काएर मुक्तिको बाटोमा डोऱ्याउनका लागि हामीले लगनशील भई क्रूसको सन्देशलाई प्रचार र बाँड्चूड् गर्ने काम गर्नुपर्दछ ।

### पाँचौं शब्द: "मलाई तिर्खा लाग्यो"

यूहन्ना १९:२८ मा लेखिएको छ, "धर्म शास्त्र पूरो होस् भनी" येशूले भन्नुभयो "मलाई तिर्खा लाग्यो ।" कुनै व्यक्तिको पर्याप्त मात्रमा रगत बग्दा, उसलाई अत्याधिक तिर्खा लाग्दछ । अब, क्रूसमा टाँगिएर इस्राएलको सुख्खा हावामा घन्टौं सम्म चको घाममा झुण्डिरहनु पर्दा हाम्रो येशूलाई कति तिर्खा लागेको हुनुपर्छ भनी के तपाईं कल्पना गर्न सक्नुहन्छ ?

यद्यपि, येशूलाई लागेको तिर्खा केवल शारीरिक तिर्खा मात्र थिएन; "मलाई तिर्खा लाग्यो" भन्ने उहाँको भनाइमा आत्मिक अर्थ पनि छ । उहाँका शब्दहरू आत्मिक प्रकृतिका छन् जसले हामी हरेकलाई उहाँको रगतको मूल्यलाई पुनः दाबी गरी उहाँको तिर्खा मेटाउन आग्रह गरिरहेको छ ।

त्यसोभए, हामी कसरी, "येशूको रगतको मूल्यलाई पुनः दाबी गर्न सक्छौं त" ? येशूले सबै मानवजातिलाई बचाउन आफ्नो रगत बहाउनुभएको हुनाले, "येशूको रगतको मूल्यलाई पुनः दाबी गर्नु" ले नरकमा जान निश्चित भएकाहरूलाई खोजी गर्दै लगनशील भई सुसमाचार प्रचार गर्नु भन्ने बुझाउँदछ । अविश्वासीहरूलाई "प्रत्यक्ष रूपमा" सुसमाचार सुनाउनुको साथै, आत्माहरूको उद्धारको निम्ति प्रार्थना गर्दै र मिसन कार्यको लागि परमेश्वरमा भेटीहरू चढाउँदै "अप्रत्यक्ष रूपमा" पनि सुसमाचार फैलाउन सक्छौं ।

येशूले, "मलाई तिर्खा लाग्यो" भनी भन्नुहुँदा, नजिकै रहेका केही मानिसहरूले "सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए ।" येशूले त्यो सिर्का आफ्नो प्यास मेट्न ग्रहण गर्नुभएको होइन तर पुरानो नियम (भजनसंग्रह ६९:२१) मा गरिएको एक भविष्यवाणी अनुसारको आत्मिक उर्दी पूरा गर्न उहाँले सिर्का चाख्नु पर्ने थियो ।

येशूले सिर्का ग्रहण गर्नु भएको कुराले यो पुष्टि गर्दछ कि उहाँले अमिलो दाखमद्य पिउनुभयो र हामीलाई नयाँ दाखमद्य पिउन सक्ने तुल्याउनुभयो । "अमिलो दाखमद्य अथवा सिर्का" ले पुरानो करारको समयको व्यवस्थालाई जनाउँदछ भने "नयाँ दाखमद्य" ले येशू स्वयम्ले पूरा गर्नुभएको प्रेमको व्यवस्थालाई जनाउदँछ ।

पुरानो नियमको व्यवस्था अनुसार, सबै पापीहरू आफ्नो पापको कारण दण्डित हुनु पर्थ्यो र परमेश्वरमा पशुहरूको रगतको बलिदानद्वारा उनीहरूको पाप मोचन सम्भव थियो । येशू आफैं एक प्रायश्चितको बलिदान बन्नु भएर क्रूसमा आफ्नो मृत्युद्वारा व्यवस्थाको श्रापबाट हामीलाई उद्धार गर्नुभयो र हाम्रो लागि येशूले "अमिलो सिर्का" पिउनुभयो ।

त्यसकारण, जब हामीले येशू ख्रीष्टमा विश्वास गरेर हृदयदेखि आफ्ना पापहरूका निम्ति पश्चात्ताप गर्छौं, तब हामीले पाप क्षमा पाउन सक्छौं । यो "नयाँ दाखमद्य पिउने" कार्य हो र यो तथ्य बुझाउन येशूले, "मलाई तिर्खा लाग्यो" भनी आफैंले त्यो अमिलो सिर्का ग्रहण गर्नुभयो ।

### छैटौ शब्द: "अब सिद्धियो"

यूहन्ना १९:३० मा लेखिएको छ, "जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो" र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।" "अब सिद्धियो" भनेर उहाँले कसरी मानवजातिको उद्धारको प्रबन्धलाई पूरा गर्नुभएर प्रेमद्वारा व्यवस्था पूरा गर्नुभयो भन्ने कुरा येशूले उल्लेख गरिरहनुभएको थियो ।

व्यवस्था अनुसार "पापको ज्याला मृत्यु हो", सबै पापीले मृत्युको सजाय प्राप्त गरेर नरक जानु पर्थ्यो । परमेश्वरका छोराछोरीहरूले, लामो समयसम्म, गाई वा भेडा मारेर आफ्नो पाप क्षमाको लागि पशुको रगत बलिदान चढाउनु पर्थ्यो, तर येशूले आफैंलाई क्रूसमा बलिदान हुनको निम्ति दिनुभएर, उहाँले व्यवस्थाको श्रापदेखि हामी पापीहरूलाई छुटकारा दिनुभयो ।

येशूले मानवजातिलाई छुटकारा दिलाउन लिनुभएको कदम उहाँको महान् अकल्पनीय र अवर्णनीय प्रेमद्वारा पूरा गर्नुभयो । परमेश्वरको अनमोल पुत्र यस संसारमा आउनुभयो, स्वर्गको सुसमाचार फैलाउनुभयो, मानवजातिका सबै रोगहरू र दुर्बलताहरू निको पारिदिनुभयो । पापीहरूको हातमा पक्राउ परेर उहाँले कोर्राको चोट, शिरमा काँडाको मुकुटको पीडा र आफ्ना हात र पाउमा काँटी ठोकिएको यातनालाई सहनुभयो ।

हामीप्रति उहाँको महान् प्रेम र बलिदानद्वारा, लामो समयदेखि मानवजाति माथि आफ्नो अधिकार जमाइरहेको दुष्ट शत्रु शैतान र दियाबलसको मृत्युमाथिको अख्तियारलाई, तोडिदिनुहुने येशू ख्रीष्टमा विश्वास गरेर हामीले स्वर्गमा प्रवेश गर्ने अधिकार पाए पछि, अब हामीले के गर्नु पर्छ त ? येशूले पिताका सबै प्रबन्धलाई पूरा गर्नुभएर उहाँ राजाहरूका राजा र प्रभुहरूका प्रभु हुनुभए जस्तै, हामीले पनि परमेश्वरका सबै इच्छाहरू पूरा गर्नुपर्दछ ।

हाम्रो लागि परमेश्वरको इच्छा सिद्ध पवित्रता र सिद्ध विश्वासयोग्यता हो । हामीले पवित्र आत्माका नौ वटा फलहरू फलाउनु पर्छ, आत्मिक प्रेम धारण गर्नुपर्छ, डाँडाको उपदेशहरू पालना गर्नुपर्छ र उहाँले हामीलाई "पृथ्वीको अन्तसम्म........मेरा साक्षीहरू होऊ" भनी भन्नुभएझैं, आत्माहरूको मुक्तिको लागि हामीले सक्दो प्रयत्न गर्नुपर्छ । त्यसपछि मात्र हामीले उहाँको दुलहीको रूपमा आफूलाई पूर्ण रूपले तयार गर्न सक्छौं, परमेश्वरले दिनुभएको प्रत्येक जिम्मेवारी पूरा गर्न सक्छौं, र उहाँको आगमनको दिनमा उहाँ सामु "अब सिद्धियो" भनी स्वीकार गर्न सक्छौं ।

ख्रीष्टमा प्रिय दाजुबाइ तथा दिदीबहिनीहरू, येशूले "क्रूसमा बोल्नु भएका अन्तिम सात वाणीहरू" को आत्मिक महत्वलाई बुझेर यसलाई आफ्नो हृदयमा खोपी, तपाईंहरू हरेकले यस संसारमा परमेश्वरको दृष्टिमा उचित जीवन जिउन सक्नुभएको होस् र प्रभुसँग स्वर्गीय निवासस्थानहरूमध्येको सबैभन्दा सुन्दर ठाउँमा सदाको लागि वास गर्नुभएको होस् भनी म हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु ।



# किन इसाईहरूले आइतबारलाई शबाथको रूपमा पालना गर्छन् ?

**प्रश्न.** पुरानो करारमा शनिबारको दिनलाई विश्राम दिनको रूपमा स्थापित गरिएको भएतापनि किन इसाईहरूले आइतबारलाई शबाथको रूपमा पालना गरी त्यो दिन आराधना चढाउँछन् र किन इस्राएलमा यहूदीहरूले अझै पनि शनिबारलाई विश्राम दिनको रूपमा पालन गर्दछन् त ?



**उत्तर.** परमेश्वरले छ दिन सम्म स्वर्ग र पृथ्वी र तिनमा भएका सबै कुराहरू सृष्टि गर्नुभयो र सातौं दिनमा उहाँले आफ्नो कामबाट विश्राम लिनुभयो। त्यसकारण, पुरानो करारको समयमा हप्ताको सातौं दिन शनिबारलाई विश्राम दिनको रूपमा पालना गरिन्थ्यो। तर, नयाँ करारको समयमा, आइतबारलाई शबाथको रूपमा पालना गरिन्छ, प्रभुको दिन जुन दिन येशू हामीलाई बचाउन क्रूसमा मर्नुभई पुनर्जीवित हुनुभएको थियो। अब हामी धर्मशास्त्रमा आधारित कारणहरूलाई के लाएर हेरौं।

## १. येशू ख्रीष्ट शबाथको प्रभु हुनुहुन्छ

उत्पत्ति १:३ मा यसो लेखिएको छ, “अनि परमेश्वरले भन्नुभयो, ‘उज्यालो होस्।’ तब उज्यालो भयो।” त्यो प्रकाश आत्मिक ज्योति थियो, जसको अर्थ परमेश्वरको शक्ति र सार्वभौमिकता हो। परमेश्वर जो स्वयम् ज्योति हुनुहुन्छ, उहाँले “उज्यालो होस्” भनी भन्नुभएर सारा अन्तरिक्ष र त्यसमा भएका सबै थोकमाथि आफ्नो अख्तियार घोषणा गर्नुभयो।

यूहन्ना १:९ ले भन्दछ, “हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदै हुनुहुन्थ्यो।” साँचो ज्योति येशू ख्रीष्ट हुनुहुन्छ जो वचन हुनुहुन्थ्यो र परमेश्वरको रूपमा अस्तित्वमा हुनुहुन्थ्यो तर हामीलाई बचाउन उहाँ देहधारी भई संसारमा आउनुभयो।

मत्तीको सुसमाचारको १२ औं अध्यायमा फरिसीहरूले येशूका चेलाहरूले शबाथको दिनमा अन्न का बाला टिपेर खाएको देखेर यो कुरा उहाँलाई बताए। त्यसपछि येशूले, दाऊदको एउटा उदाहरण दिनुभएर भन्नुभयो कि “मानिसको पुत्र शबाथको प्रभु हो” (मत्ती १२:८)। मानिसको पुत्रले येशू स्वयम्लाई जनाउँदछ, र उहाँ जो साँचो ज्योति हुनुहुन्छ, उहाँ नै शबाथको प्रभु हुनुहुन्छ भनी येशूले बताउनुभयो।

सृष्टिको पहिलो दिनमा परमेश्वरले उज्यालो सृष्टि गर्नुभयो। यसैगरी, हप्ताको पहिलो दिन आइतबारकै दिनमा साँचो ज्योति, अर्थात् हाम्रो प्रभु सारा संसारभरि प्रज्ज्वलित हुनुभयो। यसको अर्थ, सारा मानवजातिलाई बचाउन उहाँ शुक्रबारको दिन गाडिनुभयो र आइतबारको दिन उहाँ मृत्यु माथि विजयी हुनुभई पुनरुत्थान हुनुभयो र सम्पूर्ण विश्वभरि नै प्रज्ज्वलित हुनुभयो।

अब उहाँ पुनरुत्थानको पहिलो फल हुनुभयो र मृत्यु र पीडाको अन्धकारमा जिइरहेका आत्माहरूलाई साँचो ज्योति र जीवन दिनुभयो। उहाँको पुनरुत्थानको दिन देखि, परमेश्वरका छोराछोरीहरूले पुनरुत्थानको लागि आशा र साँचो विश्राम प्राप्त गर्नुभएको छ। त्यसैकारण, शबाथ दिन आइतबार पालन गर्न थालियो, जसलाई ‘प्रभुको दिन’ पनि भनिन्छ।

## २. पुरानो करारमा उल्लेख गरिएको ‘विश्राम दिन पछिको दिन’

लेवी २३:१०-१२ ले भन्दछ, “इस्राएलीहरूलाई भन: ‘मैले तिमीहरूलाई दिने देशमा पुगेर जब त्यहाँको बाली काटैला, तब तिमीहरूले आफ्नो बालीको पहिलो उब्जनीको एक बिटा पूजाहारीकहाँ ल्याउनू। त्यो ग्रहण हुनलाई तिनले त्यो बिटा परमप्रभुको सामुन्ने डोलाऊन्। शबाथको भोलिपल्ट पूजाहारीले त्यो डोलाऊन्। त्यो बिटा डोलाउन लगाएको दिन परमप्रभुको निम्ति होमबलिको लागि एउटा एक वर्षे निष्खोट थुमा तिमीहरूले चढाउनू।’”

यहाँ, परमेश्वरले इस्राएलीहरूलाई शबाथको भोलिपल्ट अर्थात् आइतबारको दिन एउटा एक वर्षे निष्खोट थुमा होमबलि चढाउनका लागि भन्नुभयो। यहाँ ‘थुमा’ ले येशू ख्रीष्टलाई जनाउँदछ जो परमेश्वरको थुमा हुनुहुन्छ। ‘आफ्नो बालीको पहिलो उब्जनीको एक बिटा’ ले पनि येशू ख्रीष्टलाई जनाउँदछ, जो पुनरुत्थानको पहिलो फल हुनुहुन्छ, जस्तो १ कोरिन्थी १५:२० मा उल्लेख गरिएको छ, “वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।” पुरानो करारले पनि आइतबारको आराधना बारे भविष्यवाणी गरेको छ र त्यो दिन प्रभु येशू ख्रीष्टको दिन हुनेछ भनी उल्लेख गरेको छ।

## ३. येशूको पुनरुत्थानद्वारा मानवजातिलाई साँचो विश्राम प्रदान गरियो

पहिलो मानिस आदमले असल र खराबको ज्ञान दिने रुखको फल खाएर मानवजातिको इतिहासमा पहिलो अपराध गरेपछि, मानवजातिले साँचो विश्राम गुमाए। “........जुन दिन तैलें त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्” भनी परमेश्वरले भन्नुभएझैं, आदमको आत्मा मर्‍यो र उहाँका सबै सन्ततिहरू अर्थात् सम्पूर्ण मानवजाति अनन्त मृत्यु अर्थात् नरक जाने निश्चित भयो। तापनि, येशू हाम्रो मुक्तिदाता बनी आउनुभयो। उहाँ पापरहित हुनुभए तापनि, हाम्रो खातिर उहाँले क्रूसको सारा कष्ट भोग्नुभएर मर्नुभयो। यद्यपि तेस्रो दिनमा उहाँ मृत्युमाथि विजय प्राप्त गरी पुनरुत्थान हुनुभयो। यसरी आफ्नो पापको कारण मृत्युमा जान निश्चित भएका मानिसहरूलाई उहाँले पुनरुत्थान र अनन्त जीवनको आशा दिनुभयो।

त्यसैगरी, येशू ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण गरेर आफ्ना पापहरूका निम्ति पश्चाताप गर्ने जो कोहीले पनि वरदानको रूपमा पवित्र आत्मा प्राप्त गर्दछ र ती मानिसहरूको मृत आत्मा पुनःजागृत हुँदछ। यो आत्मिक पुनरुत्थान हो।

येशू ख्रीष्टलाई विश्वास गरेर हामीले परमेश्वरको सन्तान हुने र साँचो विश्राम पाउने अधिकार प्राप्त गर्दछौं। तरैपनि, पृथ्वीमा प्राप्त हुने विश्राम सिद्ध विश्राम भने होइन। त्यसैले परमेश्वरले, स्वर्गमा अनन्त र सिद्ध विश्राम लिने ठाउँ तयार गरिरहनुभएको छ। प्रभु बादलमा आउनुहँदा, हामीले महिमित रूप धारण गर्नेछौं र उहाँलाई आकाशमा भेट्नेछौं। यो शारीरिक पुनरुत्थान हो, र त्यसपछि हामीले सदाको लागि साँचो विश्राम प्राप्त गर्नेछौं।

यहाँ व्याख्या गरिएझैं, आइतबार त्यो दिन हो जुन दिन शबाथको प्रभु, येशू पुनरुत्थान हुनुभएर हामीलाई साँचो विश्राम दिनुभयो। त्यसैकारण इसाइहरूले आइतबारलाई ‘प्रभुको दिन’ भन्ने गर्छन् र आइतबारको दिन आराधना गर्दछन्।

प्रेरित २०:७ ले भन्दछ, “हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं......।” यसको अर्थ उहाँहरू हप्ताको पहिलो दिन ‘आइतबार’ भेला हुने गर्नु हुन्थ्यो र मानिसको पुत्रको देहको प्रतीक स्वरूप रहेको रोटीलाई भाँच्नुहुन्थ्यो। मानिसको पुत्रको देहले परमेश्वरको वचनलाई बुझाउँछ, उहाँहरूले आइतबारको आराधनाद्वारा परमेश्वरको वचनबाट जीवनको आत्मिक रोटी लिनुहुन्थ्यो। साथै, १ कोरिन्थी १६:२ ले भन्दछ, “प्रत्येक हप्ताको पहिलो दिन तिमीहरू हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्।” उहाँहरूले भेटीहरू पनि हरेक हप्ताको पहिलो दिन अर्थात् आइतबार नै चढाउनुहुन्थ्यो।

त्यसैले, हामीले प्रभुको दिनको साँचो अर्थलाई बुझ्नुपर्छ र यसलाई पवित्र राख्नुपर्छ। त्यसपछि हामी परमेश्वरको सुरक्षामा साँचो विश्राम प्राप्त गरी पुनरुत्थान र अनन्त जीवनको आशा प्राप्त गर्न सक्छौं।

# मेरी सासू आमाले कीटनाशक औषधि सेवन गर्नुभएको थियो तर परमेश्वरको अनुग्रहद्वारा उहाँ बचाइनुभयो

बहिनी एबीगेल तामाङ, वर्ष ३७, मानमिन मिशन सेन्टर, नेपाल



◄ डा. लीको शक्तिशाली प्रार्थनाद्वारा निको हुनु भएको सासू र परिवारका अन्य सदस्यहरूका साथ बहिनी अबीगेल तामाङ (बीचमा)

२०१४ सालको अक्टोबर महिनामा, मेरो देवरले मलाई फोन गरेर मेरी सासू आमा सिकिस्त हुनुहुन्छ भनी भन्नुभयो । आफ्नो श्रीमान्‌बाट आफूलाई दुर्व्यवहार र परिवारका अन्य सदस्यहरूबाट बेवास्ता गरिएको सोचेर, उहाँले कीटनाशक विष पिएर आत्महत्या गर्ने प्रयास गर्नुभएको थियो । त्यो घटना घटेको दुई घण्टा जति पछि मेरा देवरानीहरूले उहाँलाई अचेत अवस्थामा भेट्टाउनुभयो । उहाँहरूले हतारहतार उहाँलाई नजिकैको एक सानो अस्पतालमा लगेर उहाँको पेट सफा गराउन लगाउनुभयो । तर उहाँ बेहोशीको हालतमा सिकिस्त अवस्थामा हुनुभएकोले, परिवारले उहाँलाई काठमाण्डौंको ठूलो अस्पतालमा लाने तयारी गर्दै हुनुहुन्थ्यो ।

फोनको कुराकानी पछि, मैले यस विषयमा नेपाल मानमिन मिशन सेन्टरको पास्टर ग्रेस लीसँग कुरा गरें । उहाँ र मैले स्वचालित प्रतिक्रिया प्रणालीमा रेकर्ड गरिएको सिनियर पास्टर डा. जेरक लीले बिरामीहरूका लागि गरिदिनुभएको प्रार्थना सात पटक ग्रहण गऱ्यौं । मेरो परिवारका सदस्यहरू एउटा ठूलो अस्पतालमा जानका लागि एम्बुलेन्समा गइरहनु भएको बेला, मैले उहाँहरूलाई मिशन सेन्टरमा जानको लागि राजी गराएँ । त्यहाँ हामीले उहाँको लागि डा. लीको रेकर्ड गरिएको प्रार्थना फेरि सात पटक ग्रहण गऱ्यौं ।

तत्कालै मेरी सासू होशमा फर्कनुभयो र उहाँले हामीलाई चिन्नुभयो । त्यस पछि, हामीले उहाँलाई अस्पताल पुऱ्यायौं । शुरुमा, डाक्टरले उहाँलाई १५ दिनसम्म आई.सि.यू मा राख्नु पर्छ भनी भन्नुभयो । तर हामीले डा. लीको प्रार्थना ग्रहण गरेको हुनाले परमेश्वरले उहाँलाई निश्चय नै निको पारी सक्नुभएको छ भनी मैले विश्वास गरें ।

उहाँको मुटु, रक्तचाप, पिसाब लगायत सबै प्रकारका जाँचहरू गरेर हेर्दा शरीरमा कुनै पनि विषाक्त पदार्थ पाइएन । उहाँको जाँचका रिपोर्टहरू नै यो कुराको प्रमाण थिए ! डाक्टरले आश्चर्य मान्दै यसो भन्नुभयो, "त्यस्तो प्राणघातक कीटनाशक विष पिएतापनि उहाँको अवस्था कसरी यस्तो सामान्य हुन सक्छ ?" यो परमेश्वरकै कार्य थियो भनी मेरी सासूले विश्वास गर्नुभयो । उहाँलाई अलिअलि हिँड्नमा समस्या, हल्का पेट र टाउको दुखाइ भए तापनि उहाँ तुरुन्तै अस्पताल छोडेर आउनुभयो । मैले उहाँलाई आफू कहाँ लिएर गएँ ।

अर्को दिन आइतबार थियो, र हामी सँगै चर्च गयौं । सिनियर पास्टर डा. लीले प्रार्थना गरिदिनु भएको रूमाल (प्रेरित १९:११-१२) का साथ पास्टर ग्रेस लीले उहाँलाई केही पटक प्रार्थना गरिदिनु भयो । उहाँले मुआन मीठो पानी पनि पिउनुभयो । उहाँको स्वास्थ्यमा चाँडै सुधार आयो र उहाँ चाँडै नै पूर्ण रूपले स्वस्थ हुनुभयो । हल्लेलूयाह !

वास्तवमा, मेरो सासू-ससुरालाई म र मेरो श्रीमान् चर्च गएको मन परेको थिएन । मेरो ससुरा पहिला एक बौद्ध लामा हुनुहुन्थ्यो र धार्मिक अनुष्ठानमा लिप्त रहनुहुन्थ्यो । पछि, उहाँले प्रत्येक दिन रक्सी पिउन र परिवारका अन्य सदस्यहरूसित झगडा गर्न थाल्नुभयो । उहाँहरूको अवस्था देखेर मलाई माया लाग्थ्यो त्यसैले म उहाँहरूको लागि प्रार्थना गर्थें र उहाँहरूलाई पवित्रताको सुसमाचार सुनाउँथें । अब यो घटनाद्वारा उहाँहरूले प्रभुलाई ग्रहण गर्नु भएको छ । म परमेश्वरप्रति अत्यन्तै कृतज्ञ छु । म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु !

## "विश्वासी जीवनको साँचो अर्थलाई अनुभव गर्न पाउँदा म खुशी छु"

डिकन जङ्गकिल ली, वर्ष ८१, ७ औं प्यारिस, दक्षिण कोरिया

म र मेरी पत्नी हाम्रो वृद्धावस्थामा खुशीसाथ जिइरहेका छौं । हामीले दिन प्रतिदिन परमेश्वरको साँचो प्रेम र विश्वासी जीवनको साँचो अर्थलाई अनुभव र महसुस गरेको कारण हामी आनन्दित छौं ।

मानमिन केन्द्रीय चर्च आउन अघि म बुसान शहरको एउटा चर्चमा जाने गर्थें । म केवल मनको शान्तिको लागि चर्च जान्थें, तर म आफ्ना साथीहरूसँग रक्सी पिउन र 'गो-स्टप' भन्ने खेल खेल्न मन पराउँथें । १४ औं प्यारिसको उप प्यारिस पास्टर, मेरो छोरा, पास्टर सोकक्यू लीलाई मेरो अवस्था देखेर दुःख लाग्यो र उहाँले आफूसँगै सियोल शहरमा आएर विश्वासी जीवन जिउन मलाई आग्रह गर्नुभयो । म त्यसो गर्न चाहदिनथें तर उहाँको हार्दिक अनुरोधलाई सोझै इन्कार गर्न नसकी मैले केवल यसो भनी उत्तर दिएँ, "यदि मेरो घर उच्च मूल्यमा बिक्री भयो भने मात्र म आउनेछु ।"

त्यसपछि, सिनियर पास्टर डा. जेरक लीको प्रार्थनाद्वारा - लामो समयदेखि मैले बिक्री गर्न खोज्दा पनि बिक्री हुन नसकेको - मेरो घर मैले चाहे जस्तै उच्च मूल्यमा बिक्री भयो । यसबाहेक, हामीले भोलिपल्टै सियोलमा एउटा राम्रो घर पायौं । अन्त्यमा हामी सियोलमा सऱ्यौं ।

सन् २००९ सालको जुलाई महिना १२ तारिखदेखि, म मानमिन केन्द्रीय चर्च जान थालें । सिनियर पास्टरका सन्देशहरूले मेरो विश्वासी जीवनलाई जागृत तुल्यायो र मेरो सम्पूर्ण जीवन नै नयाँ भयो । म सबै प्रकारका आराधना सेवाहरूमा उपस्थित हुन थालें, मैले रक्सी पिउन छोडें, वचन सुन्न र बाइबल पढ्न अनि वचनलाई व्यवहारमा उतार्न थालें ।

यसैबीच, मैले परमेश्वरको शक्ति अनुभव गरें । दस वर्षदेखि मेरो खुट्टाका नसाहरू असामान्य तवरले सुन्निनुका साथै बटारिएर गडचौंला झैं देखिने फुलेका नसाहरूका कारण, मेरो दाहिने पिँडौंला घिनलाग्दो देखिन्थ्यो । म त्यसबाट निको हुन चाहन्थें । सन् २०१४ सालको मानमिन समर रिट्रिट शुरु हुन अघि, मैले उत्पत्ति सन्देश श्रृंखलाको "जीवनको बीउ" शीर्षकको वचन सुनें । अन्तमा, सन् २०१४ साल अगस्ट ४ तारिखको दिन मैले रिट्रिटको सेमिनारको समयमा विश्वासका साथ सिनियर पास्टरको प्रार्थना ग्रहण गरें । समर रिट्रिट सकिएपछि म घर गएँ । भोलिपल्ट बिहान, मेरो खुट्टाका सुन्निएका नसाहरू निको भइ सकेका थिए ! मेरो खुट्टामा कुनै पनि घिन लाग्दो कुरा बाँकी रहेन । हल्लेलूयाह !

नसाका भल्भहरूमा क्षति पुगेर मेरा नसाहरू बटारिएका र सुन्निएका थिए । सिनियर पास्टरको प्रार्थनाद्वारा मेरा नसाका भल्भहरूले लेजर शल्यक्रिया विना नै सामान्य रूपमा काम गर्न थाले । यो कति उदेक लाग्दो कुरो हो !

दुइ वर्षदेखि दाहिने कुहिनाको दुखाइबाट पीडित मेरी पत्नी सिनियर डिकनिस डेक्सुन किमले चङ्गाइ प्राप्त गर्नु भयो । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले हामीलाई विश्वासको साँचो मार्ग देखाउनु भएर आत्मा र शरीर दुवैमा स्वस्थ जीवन बिताउन दिनु भएको छ ।


▲ डिकन जङ्गकिल ली आफ्नो छोरा पास्टर सकक्यू लीद्वारा चर्चमा डोऱ्याइनु भएको थियो र उहाँले नसा सुन्निने समस्याबाट चंगाइ पाउनु भयो र अहिले एक स्वस्थ जीवन जिइरहनु भएको छ ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गुरो-३ डुङ्ग, गुरो-गु, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन